# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### राजारानी, धनकुटा

प.सं. :-०७९/०८०

१ नं. प्रदेश, नेपाल

च.नं.:-

चौविसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी, धनकुटा २०७३

**अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखान्त आव्हान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९।१०।१५**

यस चौबिसे गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवाश्यक पर्ने सम्पूर्ण सुचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्धारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकोले आवाश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नागरिकहरुबाट दरखास्त आव्हान गरिंएको छ । यसका लागि तोकिएको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचर/राजश्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मूलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस चौबिसे गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्धारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन ।झुठा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. विज्ञापन नं.

२. पदः अपाङ्गता सहायता सहजकर्ता

३. माग संख्याः १ जना

४. सेवाको किसिमः करार

५. दरखास्ता बुझाउने अन्तिम मितिः २०७९/१०/१५ देखी २०७९/१०/२९ गते सम्म

६. उम्मेदवारको छनौट विधिः प्रत्यक्ष मौखिक अन्तरवार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउन पर्ने स्थानः चौबिसे गाउँपालिकाको कार्यालय राजारानी, धनकुटा

८. परीक्षा दस्तुरः रु. ३००।-(तीन सय मात्र)

९. परीक्षा दस्तुर बुझाउने प्रकृयाः बैंक भौचर वा राजश्व तिरेको भौचर फाराम साथ पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Email: chaubisegapa@gmail.com
फोन नं. ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२

...मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझाअभियान'

# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### राजारानी, धनकुटा

प.सं. :-०७९/०८०　　　　　　　　　　　　　　　　१ नं. प्रदेश, नेपाल

च.नं.:-


चौविसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी, धनकुटा २०७३

१०. परीक्षा संचालन हुने मिति, समय र स्थानः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुई दिन भित्र यस चौबिसे गाउँपालिकाको सुचना पाटीमा टाँस गरिनेछ साथै, वेवसाईटमा समेत प्रकाशित गरिनेछ ।

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिश समितिमा निहित रहनेछ ।

१२. मासिक तलबः मासिक रु. २२,०००।-

१३. आवाश्यक न्यूनतम योग्यताः

क) नेपाली नागरीक ।

ख) १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको ।

ग) अपाङ्गता भएका व्यक्ति ।

घ) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी अभियोमा अदालतबाट कसुरदार नठहरिएको ।

च) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभाषे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलाई विशेष प्राथमिकता दिईनेछ ।

पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


*Email: chaubisegapa@gmail.com*

फोन नं. ०२६-४११०३१/०२६-४११०३२/४११०३३, मोवाइल नं. ९८५२०६२४०२


*...मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझाअभियान'*